## अनुसूची- २

(दफा ४ तथा अनसूची-१ को भाग-२ सँग सम्बन्धित)

रतुवामाई नगरपालिका

# रतुवामाई राजपत्र

खण्ड:४ संख्या:५ मिति:२०७७/०६/२९

**भाग-१**

**रतुवामाई नगरपालिका**

## रतुवामाई नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

स्थानीय सरकार संचालन ऐन २०७४ जो दफा १०२ को उपदफा २ बमोजिम रतुवामाई नगरसभाले पारित गरेको **रतुवामाई नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७६ (पहिलो संशोधन २०७७)** सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

* पहिलो संशोधनबाट संशोधित
\+ पहिलो संशोधनबाट थप गरिएको
✕ पहिलो संशोधनबाट हटाईएको

# रतुवामाई नगरपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७६(पहिलो संशोधन २०७७)

प्रस्तावनाः नेपालको संविधान बमोजिम स्थानीय तहको शिक्षा सम्बन्धी अधिकार सुनिश्चित गर्न यस रतुवामाई नगरपालिकाले, देशको विकासको लागि सबै बालबालिका र युवाहरुका लागि उच्च गुणस्तरीय र जीवन उपयोगी सिकाइद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष , योग्य र सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधरण जनतालाई सर्वसुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल आमजनताको सदाचार, शिष्टाचार नैतिकता कायम राख्न यस नगरपालिकामा स्थापना हुने तथा हाल सञ्चालन भै रहेका विद्यालयहरुको सुधार गर्दै गुणस्तरीय विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले,
"नेपालको संविधानको धारा २२१, अनुसूची ८ मा भएका स्थानीय तहको अधिकारको सूची नं. ८" तथा "स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ दफा ११ (२ज)" र दफा १०२ को उपदफा १ बमोजिम रतुवामाई नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

## परिच्छेद एक
## प्रारम्भिक

(१) संक्षिप्त नाम, बिस्तार र प्रारम्भः

१. यस ऐनको नाम "आधारभूत तथा माध्यमिक शिक्षा ऐन २०७६" रहेको छ ।

२. यो ऐन रतुवामाई नगरपालिका क्षेत्र भर लागु हुने छ ।

३. यो ऐन तुरुन्त लागु हुने छ ।

(२) परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षा देखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ ।

(ख) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौ देखि कक्षा बाह्रसम्म दिइने शिक्षालाई सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले रतुवामाई नगरपालिका सम्झनु पर्छ ।

(घ) "नगरसभा" भन्नाले रतुवामाई नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ङ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुबै शिक्षा सम्झनु पर्छ ।

(च) "बिशेष शिक्षा"भन्नाले दृष्टिबिहिन, बहिरा, बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त अपाङ्गता भएका बालबालिका लाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ ।

(छ) "प्राविधिक तथा व्यवसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान र सीप भएको विषयबस्तुको सिकाइ गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौदेखि कक्षा बाह्रसम्म अध्यापन गराईने शिक्षालाई सम्झनु पर्छ । (ज) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा रहित प्रकृतिका नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने अनुमति वा स्वीकृति पाएको विद्यालय सम्झनु पर्छ ।

(झ) "संस्थागत विद्यालय" भन्नाले निजी तवरबाट स्थापना भई नेपाल सरकारबाट अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ ।

(ञ) "बिद्यालय कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेक अन्य कर्मचारी सम्झनु पर्छ ।

(ट) "बालबालिका" भन्नाले अठार बर्ष उमेर पूरा नगरेका ब्यक्तिलाई संझनु पर्छ ।

(ठ) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस ऐन अन्तर्गत बनेका नियमहरुमा तोकिएको ब्यहोरा सम्झनु पर्छ ।

(ड) "अनुमति" भन्नाले नेपाल सरकार वा यस नगरपालिकाले स्थायी स्वीकृति प्रदान गरी नसकेको कुनै निश्चित स्थान वा क्षेत्रमा विद्यालय सञ्चालन गर्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

(ढ) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको सर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार वा नगरपालिकाले प्रदान गरेको स्थायी स्वीकृतिलाई सम्झनु पर्छ ।

* पहिलो संशोधनबाट संशोधित

\+ पहिलो संशोधनबाट थप गरिएको

× पहिलो संशोधनबाट हटाईएको

*(ण) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा नगरपालिकाबाट आवासीय विद्यालयको रुपमा अनुमति वा स्वीकृति प्रदान गरिएको विद्यालयलाई सम्झनु पर्छ ।
(त) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नका लागि कुनै ब्यक्तिले नाफा रहित उद्देश्यले स्थापना गरेको सार्बजनिक वा निजी गुठी सम्झनु पर्छ ।
(थ) "प्रारम्भिक बाल शिक्षा" भन्नाले चार बर्षमुनिका बालबालिकाहरुलाई दिईने एकबर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ ।
(द) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै सर्त तोकी वा सो मुलुकमा स्थायी रुपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभरसिटी इमिग्रेण्ट भिसा (डी.भी.) , परमानेन्ट रेजिडेन्ट भिसा (पी. आर) वा ग्रिन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रुपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ ।
(ध) "नगर शिक्षा समिति" भन्नाले दफा ९ अनुसारको नगर शिक्षा समितिलाई सम्झनु पर्छ ।
(न) "वडा शिक्षा समिति" भन्नाले दफा २१ अनुसारको वडा शिक्षा समितिलाई सम्झनु पर्छ ।
(प) "विद्यालय व्यवस्थापन समिति" भन्नाले दफा १९ अनुसारको समितिलाई सम्झनु पर्छ ।
*(फ) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीका अभिभावक भनि विद्यालयको अभिलेखमा जनिएका ब्यक्ति सम्झनु पर्छ सो शब्दले दफा १९ को प्रयोजनका लागि विद्यार्थीका विद्यार्थीका बाबु , बाबु नभए आमा, बाबु आमा नभए घर तर्फका बाजे, बाबु आमा बाजे नभए बज्यै र त्यस्ता अभिभावक नभएको विद्यार्थीको हकमा संरक्षकत्व प्रदान गर्ने ब्यक्तिलाई समेत जनाउछ ।
+(ब) "नगर शिक्षा अधिकारी" भन्नाले नगरपालिकाको शिक्षा शाखाको प्रमुखलाई सम्झनु पर्दछ ।

## परिच्छेद दुई
## अनुमति लिनु पर्ने

(३) विद्यालय खोल्न अनुमति लिनु पर्नेः
१. कुनै नेपाली नागरिकहरुको समुदायले सामुदायिक विद्यालय वा शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय तथा धार्मिक प्रकृतीका विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई नगर प्रमुख समक्ष अनुमतिको लागि निवेदन दिनु पर्ने छ ।
२. उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर आवश्यक जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले अनुमति दिने छ ।
३. उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएको सर्त बन्देज पालना गरेको देखिएमा नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले स्वीकृति प्रदान गर्नेछ ।

क) विद्यालय सञ्चालनको अनुमति पाएकै शैक्षिक सत्रमा कक्षा सञ्चालन गर्नुपर्ने छ र सो शैक्षिक सत्रमा कक्षा सञ्चालन नगरेमा पुनः विद्यालय सञ्चालन अनुमतिका लागि निवेदन पेश गर्नुपर्ने छ ।

४. यो ऐन प्रारम्भ हुँदाको बखत कम्पनीको रुपमा सञ्चालनमा रहेका विद्यालयहरुले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न नगर प्रमुख समक्ष निवेदन दिन सक्ने छ ।
५. उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आबश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिव देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न नगर शिक्षा समितिको सिफारिसमा नगरपालिकाले पुनः अनुमति तथा स्वीकृति दिने छ ।
६. उपदफा (२) , (३) र (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको विद्यालयलाई शैक्षिक गुठीको रुपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिन पाउने छैन ।

(क) सरकारी वा सार्बजनिक भवनमा सञ्चालन भएका विद्यालय,
(ख) सरकारी वा सार्बजनिक जग्गामा भवन बनाइ सञ्चालन भएका विद्यालय,

* पहिलो संशोधनबाट संशोधित
\+ पहिलो संशोधनबाट थप गरिएको
× पहिलो संशोधनबाट हटाईएको

(ग) कुनै ब्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दान दातब्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय ।

७. यस ऐन वा अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्ने छः

(क) शैक्षिक गुठी सञ्चालन गर्ने गुठी सञ्चालन (ट्रष्टि) संगठित संस्थाको रुपमा हुनु पर्ने ।

ख) शैक्षिक गुठी सञ्चालन गर्दा ट्रष्टिमा सार्बजनिक गुठी भए कम्तीमा पाँच जना र निजी गुठी भए कम्तीमा तीन जना सदस्य हुनु पर्ने ।

(ग) शैक्षिक गुठीको आय ब्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखा परीक्षकबाट लेखा परीक्षण गराउनु पर्ने ।

(घ) शैक्षिक गुठीमा तत्काल कायम रहेका ट्रष्टिले आफ्नो जीवनकालमै वा शेषपछि गुठियारको रुपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछ तर सार्बजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको पूर्व स्वीकृति लिनु पर्ने छ ।

८.सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा रहित उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्बजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्ने छ । शैक्षिक गुठिको विधान दर्ता तोकिए बमोजिम हुन छ ।

९. उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालना गर्नु पर्ने शर्त र अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१०.माथि उल्लेखित उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै बिदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन तर नेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरुलाई पनि अनुमति दिन बाधा पर्ने छैन । यसरी सञ्चालित विद्यालयहरुलाई नेपाल सरकारले जुनसुकै समयमा बन्द गर्न सक्ने छ ।

११. विद्यालय सञ्चालन सम्वन्धी अन्य कुरा तोकिए बमोजिम हुनेछ ।

(४) परीक्षाको सञ्चालनः विद्यालयमा बिभिन्न तहको शिक्षा उतीर्ण तथा योग्यताका लागि परीक्षाको सञ्चालन तोकिए बमोजिम हुनेछ।

(५) माध्यमिक शिक्षाको प्रकारः माध्यमिक शिक्षाका प्रकार देहाय बमोजिम हुनेछनः -

(क) साधारण माध्यमिक शिक्षा

(ख) भाषागत माध्यमिक शिक्षा

(ग) प्राविधिक तथा व्यवसायिक माध्यमिक शिक्षा

(६) बिशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः - नगरपालिकाले आबश्यक पूर्वाधारको व्यवस्था गरी बिशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर शिक्षा सञ्चालनको व्यवस्था गर्न सक्ने छ ।

(७) शिक्षाको माध्यमः -

१. विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै हुनेछ ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अबस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः–

(क) आधारभूत शिक्षा मातृभाषामा दिन सकिनेछ ।

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिबार्य नेपाली विषयको सट्टा अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ ।

(ग)भाषा विषयको अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुन सक्नेछ ।

(घ) अनिबार्य अंग्रेजी विषय अध्ययन गराउँदा माध्यम अंग्रेजी भाषामा नै हुनु पर्नेछ ।

*(८) विद्यालयको पाठ्यक्रम र पाठ्यपुस्तकः विद्यालयले नेपाल सरकारले तोकेको न्यूनतम मापदण्ड नघट्ने गरी सिकाइको

* पहिलो संशोधनबाट संशोधित

\+ पहिलो संशोधनबाट थप गरिएको

× पहिलो संशोधनबाट हटाईएको

उपलब्धि हासिल हुने गरी अध्ययन अध्यापन गराउनु पर्ने छ । विद्यालयले तोकिएको मापदण्ड भित्र रही स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक लागु गर्न सक्ने छ । सो प्रयोजनको लागि नगरपालिकाले स्थानीय पाठ्यक्रम विकास समिति गठन गर्न सक्ने छ ।

**परिच्छेद तीन**

**शिक्षा सम्वन्धी संरचनागत ब्यवस्था**

(९) नगर शिक्षा समितिः

१. नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने विद्यालयको रेखदेख , समन्वय र व्यवस्थापन गर्ने कामको लागि देहाय वमोजिमको एक नगर शिक्षा समिति रहने छः

(क) नगर प्रमुख –अध्यक्ष

(ख) नगर उपप्रमुख –सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत –सदस्य

(घ) नगर शिक्षा समितिबाट मनोनित सम्वन्धित नगरपालिका क्षेत्र भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट एक/एक जना गरी दुईजना – स दस्य

(ङ)सम्वन्धित नगरपालिका क्षेत्र भित्र रहेका विद्यालय ब्यवस्थापन समितिका अध्यक्षहरु मध्येबाट कार्य पालिका ले मनोनित गरेको एकजना –सदस्य

(च) स्थानीय समाजसेवी वा शिक्षा प्रेमी, दलित वा अल्पसंख्यकहरु मध्येबाट कार्यपालिकाले मनोनित गरेको पाँच जना –सदस्य

(छ) शिक्षक महासंघको अध्यक्ष - सदस्य

(ज) नगरपलिकाको सामाजिक विकास समिति संयोजक -सदस्य

(झ)नगरकार्यपालिकाले तोकेको नगरकार्यपालिका सदस्यहरु मध्येबाट एक जना –सदस्य

(ञ)नगरपालिकाको शिक्षा अधिकृत –सदस्य सचिव

तर नगरपालिकाको शिक्षा अधिकृत अनुपस्थित भएमा समितिले उपयुक्त सदस्यलाई सदस्य सचिव तोक्न सक्ने छ ।

२. शिक्षा समितिका पदेन सदस्यहरु बाहेक मनोनित सदस्यहरुको कार्यकाल तीन बर्षको हुनेछ

३. उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा बर्खास्त गर्न सकिने छ तर त्यसरी हटाउँदा वा बर्खास्त गर्नु अगाडि मनासिव स्पष्टीकरणको मौकाबाट बञ्चित गरिने छैन ।

४. नगर शिक्षा समितिको काम , कर्तब्य र अधिकार देहाय बमोजिम हुने छः–

(क) आफ्नो नगर क्षेत्र भित्रको शिक्षा सम्बन्धी कार्ययोजना तयार गर्ने ।

(ख) आफ्नो कार्यक्षेत्र भित्र विद्यालय सञ्चालनका लागि अनुमति , स्वीकृति, विद्यालय सार्ने र गाभ्ने सम्बन्धी नगरपालिकालाई आबश्यक राय सल्लाह प्रदान गर्ने ।

(ग) नगर क्षेत्रभित्रका विद्यालयहरुलाई आर्थिक अनुदान सम्बन्धी आबश्यक श्रोतको खोजी गर्ने

(घ)नगर क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने ।

(ङ) विद्यालयहरुको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने ।

(च) नगरपालिका क्षेत्रभित्र तत्काल स्थापना भएका आफ्नो श्रोतमा सञ्चालित सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी, सेवा, सुबिधा र सर्तहरु स्वीकृत गर्न सक्ने ।

(छ) विद्यालय व्यवस्थापन समितिहरुलाई आबश्यक निर्देशन दिई जागरुक र सजग गराउने ।

(ज) विद्यालयको लागि आबश्यक साधन श्रोत जुटाउने र त्यसको परिचालन गर्ने गराउने ।

(झ) विद्यालयमा हुने अभिभावक र शिक्षक बीच कुनै बिबाद भएमा सोको समाधान गर्ने

(ञ) शिक्षाको गुणस्तर कायम राख्न आबश्यक सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने ।

(ट) विद्यालयको सामाजिक परीक्षण गराउने

* पहिलो संशोधनबाट संशोधित

\+ पहिलो संशोधनबाट थप गरिएको

× पहिलो संशोधनबाट हटाईएको

(ठ) सामुदायिक विद्यालयहरुका शिक्षक तथा कर्मचारी व्यवस्थापनका लागि नियुक्ति , सरुवा,पदस्थापन, काज र दरबन्दी मिलान गर्ने ।

(ड) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ढ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका सर्तहरु निर्धारण गर्ने ।

(ण) शैक्षिक संस्था र शिक्षासँग आबद्ध शिक्षक कर्मचारीहरुलाई कामको आधारमा आबश्यक पुरस्कार ,नसियत दण्ड सजायको व्यवस्था गरी कार्यान्वयन गर्ने गराउने ।

(त) अन्य तोकिए बमोजिमका आबश्यक कार्यहरु गर्ने

५. नगर शिक्षा अधिकृतः

(क) नगरपालिकामा कार्यरत नगर शिक्षा अधिकृत नगर शिक्षा समितिको सदस्य सचिवको भूमिकामा रहने छ ।

(ख) नगर शिक्षा अधिकृतको काम, कर्तब्य र अधिकार तोकिए बमोजिम हुने छ ।

×(१०) ...............

(११) घुम्ति विद्यालय सञ्चालन गर्न सक्नेः नगरपालिकाको तर्फबाट वातावरणीय तथा प्राकृतिक प्रकोपका कारण सिर्जित समस्याहरुको पहिचान गरी तोकिए बमोजिमको घुम्ति विद्यालयहरु सञ्चालन गर्न सक्ने छ ।

(१२) सामुदायिक सिकाई केन्द्र सञ्चालन गर्न सक्नेः - नगरपालिकाको समुदायमा साक्षरता , सीप विकास निरन्तर सिकाई समेतको काम गर्न देहाय बमोजिमको व्यवस्थापन समिति रहने छः-

(क) सामुदायिक सिकाइ केन्द्र रहेको वडाको वडा अध्यक्षको रोहवरमा साधारणसभा बाट छानिएको व्यक्ती –अध्यक्ष

(ख) सामुदायिक सिकाइ केन्द्र रहेको वडा समितिको सिफारिसमा महिला वा दलित वडा सदस्य मध्ये एकजना –सदस्य

(ग) सामुदायिक सिकाइ केन्द्र रहेको वडाका विद्यालयका शिक्षकहरु मध्ये नगरपालिकाले मनोनित एकजना –सदस्य

(घ) महिला तथा बालबालिकाको क्षेत्रमा काम गर्ने संघ संस्थाका प्रतिनिधीहरु मध्येबाट नगरपालिकाले मनोनित गरेको एकजना –सदस्य

(च) नगर शिक्षा शाखाको प्रतिनिधि –सदस्य

(छ) सम्बन्धित सामुदायिक सिकाइ केन्द्रका परिचालिका /परिचालक –सदस्य सचिव

× (१३) ................

× (१४) ................

(१५) अनुदानको व्यवस्थाः

१. यो ऐन प्रारम्भ हुँदाको बखत दिदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सूत्रको आधारमा नगरपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न वाधा पुर्याएको मानिने छैन ।

२. सामुदायिक विद्यालयहरुले सम्पादन गर्नुपर्ने काम तथा शैक्षिक गुणस्तरलाई मापन गरी नगरपालिकाले थप अनुदान उपलब्ध गराउन सक्ने छ ।

(१६) छात्रबृतिको व्यवस्था गर्न सक्नेः नगरपालिकाले विद्यालयमा भर्ना हुने बिद्यार्थीहरुलाई तोकिए बमोजिम छात्रबृतिको व्यवस्था गर्न सक्ने छ ।

(१७) प्रारम्भिक बाल विकास केन्द्रलाई अनुदान दिन सक्नेः नगरपालिकाले प्रारम्भिक बाल विकास केन्द्रलाई तोकिए बमोजिमको अनुदान रकम दिन सक्नेछ ।

(१८) प्रारम्भिक बाल शिक्षा सम्बन्धी व्यवस्था ः प्रारम्भिक बाल शिक्षाको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने छ ।

* पहिलो संशोधनबाट संशोधित

+ पहिलो संशोधनबाट थप गरिएको

× पहिलो संशोधनबाट हटाईएको

(१९) विद्यालय व्यवस्थापन समिति

१. सामुदायिक विद्यालयको सञ्चालन , रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहाय वमोजिमको एक विद्यालय व्यवस्थापन समिति रहने छ ।

(क) अभिभावकले आफूमध्येबाट छानी पठाएका कम्तिमा एकजना महिला सहित चारजना –सदस्य

(ख) विद्यालय रहेको नगर पालिकाको सम्बन्धित वडाको वडा अध्यक्ष वा वडा समितिका सदस्यहरु मध्येबाट एकजना –सदस्य

+स्पष्टिकरणः दफा १९ को उपदफा १ खण्ड ख प्रयोजनका लागि सम्भव भए सम्म सदस्यहरु पठाउदा नदोरिने गरी पठाउनु पर्नेछ ।

*(ग) विद्यालयलाई निरन्तर सहयोग गर्ने व्यक्तिहरु मध्येबाट नगर शिक्षा समितिको अध्यक्षले मनोनित गरेका एकजना र विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एक जना सहित दुईजना –सदस्य

(घ) विद्यालयका शिक्षकले आफूहरुमध्येबाट छानी पठाएको एक जना शिक्षक प्रतिनिधि –सदस्य

(ङ) विद्यालयका प्रधानाध्यापक –सदस्य सचिव

२. उपदफा १ खण्ड क, ख, ग अनुसार छानिएका वा मनोनयन भएका सदस्यहरु मध्येबाट छानिएको एकजना -अध्यक्ष

+स्पष्टीकरण : अध्यक्ष छनौटमा प्र.अ. र शिक्षक प्रतिनिधिको मताधिकार रहनेछ । साथै एक व्यक्ति एक भन्दा बढि विद्यालयको अध्यक्ष वा सदस्य बन्न पाइने छैन साथै वडा समितिका जन प्रतिनिधि बाहेक एक जनाले एक भन्दा बढि विद्यालयको व्यवस्थापन समितिमा रहन पाइने छैन ।

३.प्राविधिक तथा व्यवसायिक विषयमा अध्ययन वा तालिम गराईने माध्यमिक विद्यालयको विद्याल य व्यवस्थापन समितिमा उपदफा १ को अतिरिक्त नगर शिक्षा समितिले मनोनयन गरेका नगरपालिका स्तरका उद्योग तथा वाणिज्य संघका एकजना प्रतिनिधि सदस्य रहने छन ।

४. विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभए सम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

५. विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा ५० प्रतिशतसदस्यहरु अपाङ्गता भएका व्यक्तिको अभिभावक र समावेशी शिक्षा वा स्रोतकक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा उपलब्ध भए एक जना अपाङ्गता भएका व्यक्ति सदस्य रहने छ ।

६. सम्बन्धित नगर शिक्षा अधिकृतलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा भाग लिन आमन्त्रण गर्न सकिने छ ।

७. विद्यालय व्यवस्थापन समितिको कार्यअवधि तीनवर्षको हुने छ तर यो ऐन प्रारम्भ हुँदाका वखत अवधि पूरा नभएका व्यवस्थापन समितिले पूरा अबधि काम गर्न बाधा पर्ने छैन ।

८. क) व्यवस्थापन समितिको म्याद समाप्त हुनु भन्दा कम्तीमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन प्रक्रिया अगाडि बढाउनु पर्ने छ । गठन हुन नसकेमा नगर शिक्षा समितिले अस्थायी समिति गठन गर्न वा तोक्न सक्ने छ ।

ख) यो ऐन प्रारम्भ हुनुपूर्व व्यवस्थापन समिति गठन नभएका विद्यालयमा वि.व्या.स. गठन यसै ऐन द्वारा गर्नु पर्ने छ ।

९. व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था ।

*(क) उपदफा १ (क) वमोजिमका सदस्यहरुको चयन कम्तिमा कुल अभिभावकको सामान्य बहुमतको उपस्थितिमा अभिभावकहरुले छनौट गर्ने । यसरी अभिभावक भेला बोलाउदा २ पटक सम्म पनि ५० प्रतिशत भन्दा कम अभिभावक उपस्थित भएमा तेस्रो पटक २५ प्रतिशत अभिभावक उपस्थति भए पनि गणपुरक संख्या पुगेको मानिने छ यसरी अभिभावक भेलाबाट सर्वसम्मत रुपमा छनौट हुन नसके निर्वाचन प्रकियाबाट छनौट गरिने छ ।

१०. संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरु रहेको एक विद्यालय व्यवस्थापन समिति रहने छ ।

(क) विद्यालयको संस्थापक वा संचालकहरु मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा नगर शिक्षा समितिबाट मनोनित भएका ब्यक्ति –अध्यक्ष

(ख) अभिभावकहरु मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुई जना –सदस्य

* पहिलो संशोधनबाट संशोधित

\+ पहिलो संशोधनबाट थप गरिएको

× पहिलो संशोधनबाट हटाईएको

× (ग) ……………..

(घ) सम्बन्धित विद्यालयको शिक्षकहरुले आफूहरु मध्येबाट छानी पठाएको एकजना शिक्षक प्रतिनिधि –सदस्य

*(ङ) सम्बन्धित वडाका जनप्रतिनिधिहरु मध्येबाट वडा समितिले छानी पठाएको एक जना –सदस्य

(च) विद्यालयको प्रधानाध्यापक –सदस्य सचिव

११. मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीनबर्षको हुने छ । त्यस्ता अध्यक्ष वा सदस्यले आफ्नो पद अनुसारको आचरण गरेको नदेखिएमा नगर शिक्षा समितिले निजलाई जुन सुकै बखत पदबाट हटाउन सक्नेछ तर त्यसरी पदबाट हटाउनु अगाडि वा समिति बिगठन हुनु अगाडि आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

१२. सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम , कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय सञ्चालनका लागि प्राप्त साधन र श्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको चल ,अचल सम्पत्तिको लगत राख्ने,राख्न लगाउने र सोको सुरक्षा गर्ने ।

(ग) विद्यालयको शैक्षिक , भौतिक तथा आर्थिक तथ्याङ्क विवरण अध्यावधिक गराई राख्ने।

(घ) विद्यालयको बार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी नगरपालिकालाई गराउने ।

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न राजनैतिक ,धार्मिक, वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने ।

(च) विद्यालयको व्यवस्थापकीय पक्षलाई व्यवस्थित गर्ने गराउने ।

(छ) शिक्षक सेवा आयोगबाट सिफारिस भएका , करारमा नियुक्ति भएका र सरुवा भएका शिक्षकहरुलाई हाजिरी गराउन तथा रमानाको व्यवस्था गर्ने ।

(ज) नगर शिक्षा समितिले तोकेको लेखापरीक्षकबाट विद्यालयको बार्षिक लेखापरीक्षण गराउने ।

(झ) लेखापरीक्षकको प्रतिवेदन नगर शिक्षा समितिमा पेश गर्ने ।

(ञ) तोकिए बमोजिमको क्षेत्रसँग सम्बन्धित नगरपालिका र नगर शिक्षा समितिले दिएको निर्देशनहरुको पालना गर्ने ।

(ट) तोकिए बमोजिम दरबन्दीका शिक्षक तथा कर्मचारीहरुले पदीय आचरण अनुसारको कार्यसम्पादन नगरेमा बिभागीय कारबाही गर्ने ।

(ठ) विद्यालयको आन्तरिक श्रोतबाट खर्च ब्यहोर्ने गरी नियुक्ति वा बढुवा गरेका शिक्षकको लागि सेवा सर्त र सुबिधा तोक्ने र तोकिए बमोजिमको पारिश्रमिक तथा सुबिधाको व्यवस्था गर्ने ।

१३. संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम , कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र श्रोतको परिचालन गर्ने ।

(ख) विद्यालयको लागि आबश्यक भौतिक साधनको व्यवस्था गर्ने ।

(ग) विद्यालयको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने ।

(घ) विद्यालयमा नेपाल सरकारबाट तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिबार्य रुपमा लागु गर्ने ।

(ङ) प्रचलित कानून बमोजिम शिक्षक पदको लागि उमेद्वार हुन योग्यता पूरा गरेका ब्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने ।

(च) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने ।

(छ) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिलाउन पहल गर्ने ।

(ज) पदीय आचरण अनुसार कार्य सम्पादन नगर्ने शिक्षक तथा कर्मचारी उपर कानूनी कारबाही गर्ने ।

(झ) प्रचलित कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त नगरपालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सबै नीति नियम तथा निर्देशनहरुको पालना गर्ने गराउने ।

(ञ) शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन , रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुने छ ।

* पहिलो संशोधनबाट संशोधित

+ पहिलो संशोधनबाट थप गरिएको

× पहिलो संशोधनबाट हटाईएको

१४. विद्यालय व्यवस्थापन समितिको अन्य काम , कर्तब्य, अधिकार र बैठक सम्बन्धी कार्यबिधि तोकिए बमोजिम हुने छ ।

(२०) विद्यालय व्यवस्थापन समिति बि घठन गर्न सकिनेः

१. कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष शिक्षा अनुगमन समिति वा नगर शिक्षा समितिले निकाली सिफारिस गरेमा सोको कारण खुलाई नगरपालिकाले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रक्रिया पुर्याई बिगठन गर्न सक्नेछ तर त्यसरी बिगठन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

*२. उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति बिगठन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म समितिको काम गर्न नगरपालिकाले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न वा तोक्न सक्नेछ । र विद्यालयले ६ महिना भित्र अनिवार्य रुपमा वि.व्य.स. गठन गरिसक्नु पर्ने छ ।

३. यो ऐन तथा ऐन बमोजिमको नियमावली जारी भएपछि म्याद समाप्त भएका विद्यालयहरुले बढीमा एक महिनाभित्र यस ऐन बमोजिम विद्यालय व्यवस्थापन समिति गठन गरी सक्नु पर्ने छ । उक्त व्यवस्थापन समिति गठनको निम्ति देहाय बमोजिमको “विद्यालय व्यवस्थापन समिति गठन सहयोग समिति” गठन हुने छ ः

(क) वडा अध्यक्ष –संयोजक

*(ख) शिक्षा शाखाको प्रतिनिधि - सदस्य

× (ग) ............

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक –सदस्य

(२१) वडा शिक्षा समिति

१. नगरपालिकाको वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति गठन हुने छः

(क)सम्बन्धित वडा समितिको अध्यक्ष –अध्यक्ष

(ख) वडा समितिका सदस्यहरु मध्येबाट समितिको बैठकले तोकेको एकजना –सदस्य

*(ग) वडा भित्रको विद्यालयको प्रधानाध्यापक हरु मध्ये बाट वडा शिक्षा समितिले छनौट गरेको एक जना –सदस्य

× (घ) ................

(ङ) वडाभित्रका शिक्षा प्रेमीहरु मध्येबाट वडा शिक्षा समितिले तोकेको एकजना महिला समेत दुईजना –सदस्य

(च) सम्बन्धित वडाको वडा सचिव –सदस्य सचिव

आवश्यकता अनुसार वडा शिक्षा समितिको बैठकमा शिक्षा अधिकृत वा शिक्षा शाखाका कर्मचारीलाई आमन्त्रण गर्न सकिने छ ।

२. वडा शिक्षा समितिको काम , कर्तब्य र अधिकार तोकिए बमोजिम हुने छ ।

## परिच्छेद चार
## कोष सम्वन्धी ब्यवस्था

(२२) नगर शिक्षा विकास कोषः

१. सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिबृद्धि गर्नको लागि नगरपालिका स्तरमा एक नगर शिक्षा विकास कोष रहने छ ।

२. उपदफा (१) बमोजिमको कोषमा देहाय वमोजिमको रकम रहने छ ।

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम ।

* पहिलो संशोधनबाट संशोधित

+ पहिलो संशोधनबाट थप गरिएको

× पहिलो संशोधनबाट हटाईएको

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम ।

(ग) नगरपालिकाबाट प्राप्त अनुदान रकम ।

(घ) संस्थागत विद्यालयबाट प्राप्त शिक्षा सेवा शुल्क वापतको रकम ।

(ङ) चन्दा , दान वकस आदिवाट प्राप्त रकम ।

(च) शुल्क तथा अन्य श्रोतबाट प्राप्त रकम ।

(२३) कोषको सञ्चालक समितिः

१. कोष सञ्चालक समिति गठन कार्यविधिमा तोकिए बमोजिम हुने छ ।

२. उपदफा (१) बमोजिमको कोषको सञ्चालक समितिको काम , कर्तब्य र अधिकार तथा बैठक सम्बन्धी ब्यवस्था कार्यबिधिमा तोकिए बमोजिम हुने छ ।

(२४) विद्यालय कोषः

१. प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुने छ , जसमा देहाय बमोजिमको श्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछः-

(क) नेपाल सरकार, प्रादेशिक सरकार र नगरपालिकाबाट प्राप्त रकम ।

(ख) नगरपालिका शिक्षा कोषबाट प्राप्त रकम ।

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम ।

(घ) चन्दा वा दानदातब्यबाट प्राप्त रकम ।

(ङ) अन्य कोषबाट प्राप्त रकम ।

२. उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुने छ ।

## परिच्छेद पाँच
## निर्देशन, वर्गीकरण

(२५) नगरपालिकाबाट निर्देशन दिन सक्नेः

१. नगरपालिकाले तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरु विद्यालय व्यवस्थापन समितिलाई दिन सक्ने छ ।

२.उपदफा (१)बमोजिम दिएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुने छ ।

(२६) नगर पालिकाले विद्यालय सार्न , गाभ्न, नाम परिबर्तन गर्न वा बन्द गर्न सक्नेः - नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाले हाल सञ्चालन भईरहेका ३० मिनेटको हिडाइ दूरी र साइकल दुरी नजिकमा रहेका कुनै विद्यालयलाई एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुई भन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न वा विद्यालयको नाम परिबर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थपघट गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति दिन सक्ने छ ।

(२७) विद्यालयको सम्पत्तिः

१. सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्बजनिक सम्पत्ति मानिनेछ । यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्ति नगरपालिकाले अन्य विद्यालयको काममा प्रयोगमा नआउने भएमा प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम सम्बन्धित नगरपालिका शिक्षा कोषमा जम्मा गर्ने छ ।

२. शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ । कुनै विद्यालय सार्बजनिक शैक्षिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्बजनिक सम्पत्ति मानिने छ र त्यस्तो सम्पत्तिको स्वरुप परिबर्तन गर्न पाईने छैन ।

३. कम्पनी ऐन अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहने छ ।

४. संस्थागत विद्यालयले कुनै वैदेशिक व्यक्ति वा संघ संस्थासँग दान दातब्यको रुपमा कुनै किसिमको चल अचल सम्पत्ति प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्ने छ।

५. नेपाल सरकारको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारको विना स्वीकृति बेचबिखन गर्न वा हस्तान्तरण गर्न पाईने छैन

* पहिलो संशोधनबाट संशोधित

\+ पहिलो संशोधनबाट थप गरिएको

✕ पहिलो संशोधनबाट हटाईएको

।

(२८) विद्यालयलाई छुट र सुबिधा ः

१. प्रचलित कानूनमा जुन सुकै कुरा लेखिएको भए तापनि सामुदायिक विद्यालय नाममा नगरपालिकाबाट जारीहुने सिफारिस लिखत पास आदिमा दस्तुर लिने छैन ।

. २.सामुदायिक विद्यालय र शैक्षिक गुठीको रुपमा सञ्चालित संस्थागत विद्यालयलाई दिईने अन्य छुट नगर आर्थिक ऐन बमोजिम हुने छ ।

(२९) अनुमति वा स्वीकृति रद्द गर्न सक्नेः

कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम बिपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्ने छ तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाइ पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

(३०) विद्यालयको बर्गीकरणः विद्यालयलाई तोकिएको आधारमा बर्गीकरण गरिने छ ।

(३१) विद्यालयलाई सुरक्षित वा शान्ति क्षेत्रको रुपमा कायम गर्नु पर्नेः

१.विद्यालयमा स्वतन्त्र र भय रहित रुपमा अध्ययन , अध्यापन गर्ने वातावरण सिर्जना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित र शान्ति क्षेत्र कायम गर्नु पर्ने छ ।

२. उपदफा (१) बमोजिम सुरक्षित र शान्ति क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुने छ ।

× (३२) ...............

*(३३) शिक्षक अभिभावक संघः -ऐनको दफा १९ बमोजिम गठित ब्यवस्थापन समितिले अभिभावकहरुको भेला गराई शिक्षक अभिभावक संघ गठन गर्ने छ । जसमा एक जना अध्यक्ष सहित कम्तिमा ७ र बढीमा ११ सदस्यीय शिक्षक अभिभावक संघ गठन हुनेछ र शिक्षक अभिभावक संघमा तोकिए बमोजिमका सदस्यहरु हुने छन ।

(३४) विद्यालयको सामाजिक परीक्षण समिति ः सामुदायिक विद्यालयको काम कारवाही ऐन तथा नियमावली बमोजिम भए नभएको सम्बन्धमा प्रत्येक बर्ष मूल्याङ्कन गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिमको एक सामाजिक परीक्षण समिति रहने छ ः

१. शिक्षक अभिभावक संघको अध्यक्ष –संयोजक

२. अध्ययनरत बिद्यार्थीका अभिभावकहरु मध्येबाट एकजना महिला सहित शिक्षक अभिभावक संघले तोकेको दुईजना –सदस्य

३. सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडा समितिको सदस्य एकजना –सदस्य

४. सम्बन्धित वडा समितिले तोकेको लेखा बिशेषज्ञ एकजना –सदस्य

५. सम्बन्धित विद्यालयको बालक्लबको अध्यक्ष –सदस्य

६. प्रधानाध्यापकले तोकेको विद्यालयको शिक्षक –सदस्य सचिव

## परिच्छेद छ
## शुल्क सम्वन्धी ब्यवस्था

(३५) शुल्क सम्बन्धी व्यवस्थाः

१. नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले बिद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन ।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै अभिभावकले आफ्नो इच्छाले दिएको दान , उपहार, चन्दा वा सहयोग विशेष शिक्षा अंग्रेजी माध्यमबाट अध्ययन गराएबात न्युनतम सहयोग सामुदायिक विद्यालयले लिन सक्ने छ ।

३. सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिबार्य र निःशुल्क तथा माध्यमिक तह सम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि नगरपालिकाले आबश्यक श्रोतको व्यवस्थापनको पहल गरिनेछ ।

४. उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षा बाहेकको अन्य विद्यालय शिक्षामा अध्ययन

* पहिलो संशोधनबाट संशोधित

+ पहिलो संशोधनबाट थप गरिएको

× पहिलो संशोधनबाट हटाईएको

गर्ने बिद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिने छ ।

५. विद्यालयले बिद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एक पटक भर्ना शुल्क लिई सकेपछि पुनः सोही विद्यालयले अर्को कक्षामा भर्ना गर्नको लागि शुल्क लिन पाउने छैन ।

६. विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यालयले विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन

७ संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क तोकिएको अधिकारीबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृति दिँदा तोकिएको अधिकारीले विद्यालयबाट उपलब्ध गराएको सुबिधाको आधारमा दिने छ ।

८. कुनै विद्यालयले यस ऐन बिपरीत विद्यार्थीसँग कुनै शुल्क लिएमा तोकिएको अधिकारीले त्यस्तो शुल्क सम्बन्धित विद्यार्थीलाई फिर्ता गर्न लगाउनु पर्ने छ ।

९. यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई तोकिएको अधिकारीले एक लाख रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

*१०. संस्थागत विद्यालयले नगरपालिकाको आर्थिक ऐन बमोजिम नगरपालिकामा कर बुझाउनु पर्नेछ।

## परिच्छेद सात
## शिक्षक महासंघ र पदीय आचरण

(३६) शिक्षक महासंघ , शिक्षक तथा कर्मचारीको पदीय आचरण तथा अन्य व्यवस्थाः

१.सामुदायिक विद्यालयका शिक्षकहरुको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न नगर क्षेत्रभित्र तोकिए बमोजिम एक शिक्षक महासंघ रहने छ ।

२. देहायको अबस्थामा शिक्षक वा कर्मचारीलाई विद्यालयको व्यवस्थापन समिति वा नगर शिक्षा समितिले पदबाट हटाउन नगरपालिकामा सिफारिस गर्ने छ ः

(क) तोकिए बमोजिमको पदीय दायित्व पूरा नगरेमा ,

(ख) बिना सूचना लगातार पन्ध्र दिन भन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा ,

(ग) बारम्बार मादक पदार्थ सेवन गरी विद्यालयमा आएको कुरा प्रमाणित भएमा ,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा ,

(ङ) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यवसायिक क्रियाकलाप गरेमा,

(च) शिक्षक वा कर्मचारी राजनैतिक दलको कुनै पनि तहको कार्यसमिति, कमिटिको सदस्यमा रहेको पाईएमा

(छ) शिक्षक वा कर्मचारीले व्यबसायिक हकहितका नाममा राजनैतिक दलको मात्र हित वा बिरोधमा कार्य गर्ने संगठनका गतिबिधिमा संलग्न भएमा,

(ज) भ्रष्टाचारजन्य अपराध गरेको प्रमाणित भएमा

झ) कार्यालय समय भन्दा अघि वा पछि अध्यापन गर्न सम्बन्धित नगरपालिकाबाट अनुमति नलिइ अन्यत्र काम काज गरेमा ।

३. उपदफा (२) बमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने यथेष्ट प्रमाण प्राप्त भएमा नगरपालिकाले निजलाई पदबाट हटाउन सक्ने छ तर कार्यरत शिक्षकलाई हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिने छ ।

(३७) स्थायी आवासीय अनुमति लिन नहुनेः सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीले कुनै पनिदेशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरुलाई दण्ड तथा सजाय तोकिए बमोजिम हुने छ ।

## परिच्छेद आठ
## योग्यता, अयोग्यता, नियुक्ति, सरुवा, दरवन्दी मिलान

* पहिलो संशोधनबाट संशोधित

\+ पहिलो संशोधनबाट थप गरिएको

× पहिलो संशोधनबाट हटाईएको

*(३८) सामुदायिक विद्यालयमा रिक्त दरबन्दीमा शिक्षक/ कर्मचारी करारमा नियुक्ति गर्ने प्रक्रिया तोकिए बमोजिम हुनेछ ।

× (क) ..........

× (ख) ...........

× (ग) ...........

× (घ) ...............

× (ङ)............

× (च) ..........

(छ) परीक्षाको पूर्णाङ्क र उत्तीर्णाङ्क देहाय बमोजिम हुने छ ः

१. लिखित परीक्षा – पूर्णाङ्क १०० उत्तीर्णाङ्क ४०

२. प्रयोगात्मक परीक्षा – पूर्णाङ्क २५ उत्तीर्णाङ्क १०

३. अन्तरवार्ता – पूर्णाङ्क २५ उत्तीर्णाङ्क १०

विषयको प्रकृति हेरी आवश्यक ठानेमा शिक्षक / कर्मचारी छनौट समितिले प्रयोगात्मक परीक्षा लिन सक्नेछ । प्रयोगात्मक परीक्षा नलिइएको अवस्थामा लिखित परीक्षा र अन्तरवार्ताको अङ्कवाट मात्र मूल्याङ्कन गरिने छ ।

(ज) शैक्षिक योग्यता र तालिम व्यवस्थाः

१.आधारभूत विद्यालयका शिक्षकको लागि प्रवीणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने वा सो सरहको तालिम लिएको ।

२.माध्यमिक विद्यालयको (९-१०) कक्षाको शिक्षकको लागि सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको ।

३.माध्यमिक विद्यालयको (११-१२) कक्षाको शिक्षकको लागि सम्बन्धित विषयमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तीमा दश महिने तालिम लिएको ।

४.कुनै व्यक्तिले शिक्षाशास्त्रतर्फ उल्लेखित योग्यता प्राप्त गरेको भए यस दफाको प्रयोजनका लागि तालिम लिएको मानिने छ ।

५.विज्ञान, गणित, अग्रेजी, लेखा, कम्प्युटर, सिभिल इन्जिनियरिङ्ग, इलेक्ट्रिकल इन्जिनियरिङ्ग,पशुपालन वा वालीविज्ञान विषयमा आवश्यक न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेका व्यक्तिले सम्बन्धित विषयको शिक्षक पदको लागि लिइने परीक्षामा शिक्षा विषयको तालिम नलिएको भए पनि उमेदवार हुन सक्ने छ ।

६. माथि जुन सुकै कुरा लेखिएता पनि पहिलो पटक विज्ञापन गर्दा कुनै शिक्षा विषयको तालिम लिएको व्यक्तीको निवेदन वा दरखास्त नपरेमा दोस्रो पटकको विज्ञापनमा मात्र खण्ड ज (५) बमोजिमका उम्मेद्वारले भाग लिन सक्ने छ ।

(झ) देहायका व्यक्तिहरु शिक्षक पदमा उमेदवार हुनका लागि योग्य हुने छनः -

१. नेपाली नागरिक

२. अठार वर्ष उमेर पुरा भएका र चालीस वर्ष उमेर ननाघेका

३. मगज नबिग्रेका

४. नैतिक पतन देखिने फोजदारी अभियोगमा अदालतबाट कसुर नठहरीएका

५. भविष्यमा सरकारी नोकरी वा शिक्षक सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बरखास्त नभएका

६. अध्यापन अनुमति पत्र लिएका

७. सम्बन्धित तह र विषयका लागि आवश्यक शैक्षिक योग्यता भएका र तालिम लिएका

(ञ) शिक्षक पदका लागि लिइने परीक्षाको पाठ्यक्रम , परीक्षा प्रणाली र मूल्याङ्कन प्रक्रिया शिक्षक सेवा आयोगले निर्धारण गरे तथा नगरपालिकाले तोके बमोजिम हुनेछ ।

* पहिलो संशोधनबाट संशोधित

+ पहिलो संशोधनबाट थप गरिएको

× पहिलो संशोधनबाट हटाईएको

× (ट) .............

× (ठ) ................

× (ड) .................

× (ढ) .................

× (ण) ...............

× (त)............

× (थ) ..........

× (द)............

(३९) शिक्षक विद्यार्थीको अनुपात मिलाउनु पर्ने ः नगरपालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयको आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम गर्नु पर्ने छ।

(४०) शिक्षकलाई अन्य काममा लगाउन नहुने ः

१. सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउनु हुदैन।

२. उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठनपाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जागरण , निर्बाचन सम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र नगरपालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिने छ।

(४१) अदालतको आदेशबाट पुनः बहाली हुन सक्नेः

१. दफा ३६ मा उल्लेखित भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाईएको वा बर्खास्तभएका शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्ने छ।

२. उपदफा (१) बमोजिम पुनःबहाली भएको शिक्षकले नोकरीबाट हटे देखि पुनःबहाली भएको मिति सम्मको पूरा तलब , भत्ता र तलब बृद्धि समेत पाउने छ।

(४२) शिक्षक तथा कर्मचारीको नियुक्ति र सरुवाः -

१. नगरपालिका भित्रका विद्यालयहरुमा रहेको रिक्त शिक्षक तथा कर्मचारी पदमा करार सेवा लिइ नगरपालिकाले पदपूर्ति गर्ने छ।

*२. उपदफा (१) बमोजिम शिक्षक कर्मचारी नियुक्ति गर्नको लागि देहाय बमोजिमको शिक्षक कर्मचारी छनौट समिति रहने छ।

क. प्रमुख प्रशासकीय अधिकृत - अध्यक्ष

ख.शिक्षा शाखा प्रमुख - सदस्य

ग.शिक्षा अधिकृत वा प्रशासन शाखाको प्रमुख - सदस्य सचिव

+३. शिक्षक/ कर्मचारी छनौटका लागि आवश्यक पर्ने विषय विशेषज्ञको योग्यता र छनौट देहाय बमोजिम हुनेछ।

(क) आधारभूत तहको लागि कम्तीमा वी.एड वा सो सरह उतीर्ण गरी दशमहिने तालिम प्राप्त स्थायी शिक्षक।

(ख) माध्यमिक तहको लागि सम्वन्धित विषयमा एम.एड वा सो सरह उतीर्ण गरी दशमहिने तालिम प्राप्त स्थायी शिक्षक।

(ग) प्राविधिक विषयको शिक्षक छनौटका लागि सम्वन्धित विषय र तहका शिक्षकलाइ विषय विशेषज्ञको रुपमा सूचीकृत गरिने छ।

(घ) विषय विशेषज्ञको छनौटका लागी नगर पालिकाले पन्ध्र दिनको सूचना प्रकाशित गरी दरखास्त आह्वान गर्नेछ। यसरी दरखास्त आह्वान गर्दा परेका दरखास्तहरु मध्येवाट आवश्यक संख्यामा विषय विशेषज्ञको सूची तयार गरिने छ। सूची तयार नभए सम्म जिल्ला शिक्षा स मन्वय इकाइ मोरङ मा रहेको विषय विशेषज्ञको सूची प्रयोग गर्न बाधा पुगेको

* पहिलो संशोधनबाट संशोधित

+ पहिलो संशोधनबाट थप गरिएको

× पहिलो संशोधनबाट हटाईएको

मानिने छैन ।

(ङ) नगरपालिकावाट छनौट भएका विषय विशेषज्ञको मान्य अवधि छनौट भएका मितिले दुई वर्षको हुने छ ।

४. नगर भित्रका विद्यालयमा कार्यरत शिक्षकहरुको नगर भित्र सरुवा/ काज नगर शिक्षा समितिले गर्ने छ ।

५. सरुवा सम्बन्धी अन्य व्यवस्था संघ तथा प्रदेश कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

(४३) शिक्षकको दरबन्दी मिलानः(१) तोकिएको मापदण्डको आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा नगरपालिकाले तोकिएको प्रक्रिया पूरा गरी दरवन्दी सार्न सक्ने छ ।

(४४) संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्ने ः

१. संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कुल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रुपमा विपन्न, अपाङ्गता भएकाहरु, महिला, दलित वा जनजाति र अल्पसंख्यक विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्ने छ ।

२. उपदफा (१) बमोजिमको छात्रवृत्तिको लागि विद्यार्थी छनौंट गर्न प्रत्येक विद्यालयमा विद्यालयको प्रधानाध्यापक , नगरपालिकाको प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधि रहेको एक छात्रवृत्ति छनौट समिति रहने छ ।

३.समितिले छनौटको लागि आधार , सर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्बजनिक समेत गर्नु पर्ने छ ।

४.समितिले छात्रबृत्तीको लागि छनौटको नतिजाको आधार समेत सार्बजनिक गर्नु पर्ने छ ।

(४५) तलब भत्ता नपाउने तथा सेवा अबधि गणना नहुने अबस्थाः दफा ४० मा उल्लेखित अबस्थामा वा नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षक वा कर्मचारीले अनुपस्थित अवधिको तलब , भत्ता पाउने छैनन र त्यस्तो अवधी निजको सेवामा समेत गणना हुने छैन ।

(४६) प्रधानाध्यापक , शिक्षक तथा कर्मचारी सम्बन्धी व्यवस्था ः

१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र नगरपालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा शिक्षक , कर्मचारीको दरबन्दी रहनेछ । प्रधानाध्यापक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुने छः

१.प्रत्येक विद्यालयमा विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न स्वीकृत दरबन्दीमा नबढ्ने गरी एक प्रधानाध्यापकको पद रहने छ ।

२. आधारभूत तहको कक्षा पाँच सम्मको विद्यालय भए कम्तीमा बाह्र कक्षा वा सो सरह उत्तीर्ण गरेको ,आधारभूत तहको कक्षा ८ सम्म विद्यालय भए कम्तीमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेको र माध्यमिक तहको विद्यालय भए कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरेको शिक्षकहरुमध्ये विद्यालय व्यवस्थापन समितिले सिफारिस गरेका कम्तीमा तीन जना व्यक्ति मध्ये बाट नगरकार्यपालिकाको निर्णय बमोजिम एकजनालाई पाँच वर्षको लागि सामुदायिक विद्यालयको प्रधानाध्यापक पदमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्ति गर्ने छ । यसरी प्रधानाध्यापक नियुक्तिको निर्णय गर्दा महिलालाई प्राथमिकता दिइनेछ ।

३.उपदफा (२) बमोजिम प्रधानाध्यापकको पदमा नियुक्ति हुनु पूर्व निजले पाँच वर्षको विद्यालय विकास प्रस्ताब पेश गरी शिक्षा अधिकृत सँग प्रत्येक शैक्षिक सत्रको सुरुमा कार्यसम्पादन करार सम्झौता गर्नु पर्ने छ ।

४.कार्य सम्पादन मूल्याङ्कनका आधारमा प्रधानाध्यापकको कार्यकाल थप गर्न सकिने छ ।

५.उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा सामुदायिक विद्यालयको प्रधानाध्यापकलाई नगर शिक्षा समितिको सिफारिसमा नगरकार्यपालिकाले जुनसुकै बखत हटाउन सक्ने छ ।

(क) निजको आचरण ख राब रहेमा,

(ख) ऐन तथा नियमावली विपरितको कुनै काम गरेमा,

(ग) निजले कार्यसम्पादन सम्झौता बमोजिम काम गर्न नसकेमा वा निजको काम सन्तोषजनक नभएमा

(घ) विद्यालयको चल अचल सम्पत्ति हिनामिना गरेमा

६.सामुदायिक विद्यालयको कुनै प्रधानाध्यापकलाई उपदफा (५) बमोजिमको आधारमा पदबाट हटाउनु पर्ने भएमा शिक्षा अधिकृतले

* पहिलो संशोधनबाट संशोधित

+ पहिलो संशोधनबाट थप गरिएको

× पहिलो संशोधनबाट हटाईएको

त्यस्तो आधार विद्यमान भए नभएको सम्बन्धमा जाँचबुझ गरी गराई प्रतिबेदन लिने छ र त्यस्तो प्रतिबेदनबाट प्रधानाध्यापकलाई हटाउनुपर्ने देखिएमा पदबाट हटाउन नगर कार्यपालिका समक्ष राय सहित पेश गर्नु पर्ने छ ।

७.उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो उप –नियम बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाइ पेस गर्ने मौकाबाट बञ्चित गरिने छैन ।

८.बहालवाला शिक्षक मध्येबाट छनौट भएको प्रधानाध्यापकलाई उपदफा (५) को खण्ड (क) वा (ख) बमोजिमको आधारमा हटाएको अवस्थामा निजलाई ऐन तथा यस नियमावली बमोजिम विभागीय कार्यवाही समेत गरिने छ ।

९.सामुदायिक विद्यालयको प्रधानाध्यापक विदामा बसेमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पद पूर्ति नभए सम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये माथिल्लो श्रेणीका बरिष्ठ शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ । शिक्षकको बरिष्ठता निर्धारण गर्दा देहायका आधारमा गरिने छ ।

(क) सम्बन्धित तह र श्रेणीको सुरु नियुक्ति मितिको आधारमा

(ख) खण्ड (क) को आधारमा बरिष्ठता नछुट्टिएमा सो भन्दा तल्लो तह वा श्रेणीकोनियुक्तिको आधारमा

(ग) खण्ड (क) र (ख) को आधारमा बरिष्ठता नछुट्टिएमा सम्बन्धित तह र श्रेणीमा नियुक्ति भइ हाजिर भएको मितिको आधारमा

(घ) खण्ड (क) , (ख) र (ग) को आधारमा पनि बरिष्ठता नछुट्टिएमा खण्ड (क) को सिफारिसको योग्यताक्रमको आधारमा, तर खुला, कार्यक्षमता,आन्तरिक बढुवा एउटै मितिमा भए क्रमशः कार्यक्षमता , प्रतियोगिता र खुलाको क्रमलाई मान्यता दिइने छ ।

१०.यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस ऐन बमोजिम योग्यता पुगेको व्यक्तिलाई प्रधानाध्यापकको नियुक्ति गर्दा छुट्टै प्रकृया निर्धारण गरी नियुक्ति गर्न सक्ने छ ।

११. यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि यो ऐन प्रारम्भ हुँदाको बखत कार्यर त प्रधानाध्यापक उपदफा (२) बमोजिम अर्को प्रधानाध्यापक नियुक्ति नभए सम्म त्यस्तो पदमा कायमै रहन सक्ने छ ।

२) प्रधानाध्यापकको काम , कर्तब्य र अधिकारः प्रधानाध्यापकको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुने छः

(क) विद्यालयमा शैक्षिक वातावरण , गुणस्तर र अनुशासन कायम राख्ने ।

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरुसँग समन्वय गरी शिक्षक , कर्मचारी, विद्यार्थी र अभिभावक वीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने ।

(ग) विद्यालयमा अनुशासन , सच्चरित्रता, शिष्टता कायम राख्न आवश्यक काम गर्ने ।

(घ) शिक्षकहरुसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने ।

(ङ विद्यालयमा सरसफाइ , अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने ।

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चालन गराउने ।

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने ।

(ज) विद्यार्थीलाई स्थानान्तरण वा अन्य प्रमाणपत्र दिने ।

(झ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कार्यवाहीको अभिलेख राख्ने ।

(ञ) कुनै शिक्षक वा कर्मचारीले जानी जानी वा लापरवाही साथ कुनै काम गर्नाले विद्याल यलाई हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने ।

(ट) विद्यालयले आफ्नै श्रोतमा नियुक्त गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पुरानगरेकोमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कार्यवाही गर्ने ।

(ठ) शिक्षक कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख नगर शिक्षा अधिकृत तथा निरीक्षकले हेर्न चाहेमा देखाउने ।

(ड) शिक्षक तथा कर्मचारीहरुको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिबेदन नगर शिक्षा शाखा तथा व्यवस्थापन

* पहिलो संशोधनबाट संशोधित

\+ पहिलो संशोधनबाट थप गरिएको

× पहिलो संशोधनबाट हटाईएको

समितिमा पेश गर्ने ।

(ढ) शिक्षक वा कर्मचारीलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा नगर शिक्षा शाखामा सिफारिस गर्ने ।

(ण) नगर कार्यपालिकाबाट नियुक्ति एवं पदस्थापन भई आएका शिक्षक तथा कर्मचारीलाई नियुक्ति दिई हाजिर गराई विषय र तह अनुसारको कक्षा शिक्षणमा खटाउने ।

(त) महिनामा कम्तीमा एकपटक शिक्षक तथा कर्मचारीको बैठक बोलाई विद्यालयको प्राज्ञिक , भौतिक र शैक्षिक प्रशासन सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने ।

(थ) नगरपालिकाबाट पूर्व स्वीकृति लिई अति आवश्यक भएका विषयमा विद्यालय व्यवस्थापन समितिको निर्णय गराई विद्यालयको श्रोतबाट तलब भत्ता खानेगरी शिक्षकको पद कायम गरी सो अनुसार पद स्वीकृति भएका विषयका शिक्षकको यस ऐनमा व्यवस्था भए बमोजिमको प्रक्रिया अपनाई पदपूर्ति गरी करारमा नियुक्ति गर्ने र यसरी नियुक्ति भएका शिक्षक तथा कर्मचारीहरुको तलब सम्बन्धी प्रतिबेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने ।

(द) विद्यालय भवन तथा छात्राबासको हाता भित्र कुनै किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने ।

(ध) विद्यालयको प्रभावकारी सञ्चालनका लागि वार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वयन गर्न, गराउन नगर शिक्षा समितिमा पेश गर्ने ।

(न) विद्यालयमा अध्ययन , अध्यापन सम्बन्धी मासिक , अर्ध बार्षिक, तथा वार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने , गराउने ।

(प) शिक्षक वा कर्मचारीलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई नगर शिक्षा शाखामा पठाउने ।

(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गर्ने ।

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने र लेखापरीक्षण गराउने ।

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने ।

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातार तीन वर्षसम्म १५% भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासन हिन काम गरेमा त्यस्तो शिक्षकको दुई ग्रेड सम्म तलब रोक्का गर्ने ।

(य) विद्यालयमा नियम बमोजिमको कक्षा लिने तथा शिक्षकलाई लिन लगाउने ।

(र) स्वीकृत दरबन्दीमा कार्यरत शिक्षक तथा कर्मचारीको तलबी प्रतिबेदन पारित गर्न नगर शिक्षा शाखामा पठाउने ।

(ल) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको काम , कर्तब्य तोक्ने ।

(व) शिक्षा शाखा तथा व्यवस्थापन समितिले दिएका निर्देशन पालना गर्ने गराउने ।

(श) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्याङ्क मन्त्रालय तथा नगरपालिका द्वारा निर्धारित ढाँचा र समय भित्र प्रमाणित गराई नगर शिक्षा शाखामा पठाउने ।

(ष) विद्यालयले आफ्नो श्रोतबाट खर्च बेहोर्ने गरी नियुक्त भएका शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन फारम भरी व्यवस्थापन समितिमा पेश गर्ने ।

(स) विद्यालयका शिक्षक तथा कर्मचारीबाट कट्टी गरेको सञ्चय कोष , नागरिक लगानी कोष, विमा, सामाजिक सुरक्षा कोषको रकम सम्बन्धित निकायमा पठाउन लगाउने।

(ह) व्यवस्थापन समितिबाट स्वीकृत खरिद योजना अनुसार मालसामान तथा सेवा खरिद गर्ने ।

(क्ष) प्रधानाध्यापक स्थानीय तह , अभिभावक एवं विद्यार्थी प्रति जिम्मेवार हुनेछ । यसका लागी ः

१. अभिभावक एवं विद्यार्थीको विचार सर्वेक्षण गर्ने ।

२. प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षाको लागि विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकले

* पहिलो संशोधनबाट संशोधित

\+ पहिलो संशोधनबाट थप गरिएको

× पहिलो संशोधनबाट हटाईएको

शिक्षा अधिकृत सँग कार्यसम्पादन करार गरे बमोजिम प्रचलित मापदण्डको पालना एवं गुणस्तरीय शिक्षा प्रत्याभूत गर्नु पर्ने ।

३.विद्यालयको भौतिक क्षेत्र भित्रका टुहुरा , अलपत्र परेका र बेसाहारा , विशेष अवस्थाभएका तथा अति विपन्नतामा परी विद्यालय जान नसकेका वा विद्यालय छाडेका वालवालिकालाई कार्यपालिका मार्फत छात्रबृत्ति वा विशेष व्यवस्था गरी निजका अभिभावक वा संरक्षकलाई सघाई वालवालिकालाई विद्यालयमा ल्याउनु प्रधानाध्यापकको जिम्मेवारी हुनेछ । विद्यार्थीलाई अपेक्षित शैक्षिक उपलब्धि हासिल हुने गरी सिकाउने र टिकाउने दायित्व प्रधानाध्यापक र शिक्षकहरुको हुने छ ।

४) सहायक प्रधानाध्याक सम्बन्धी व्ययस्थाः प्रधानाध्यापकलाई सहयोग पुर्याउन विद्यालयमा कार्यरत शिक्षकमध्येबाट वि.व्या.स.ले तोकेको व्यक्ति सहायक प्रधानाध्यापक हुने छ ।

५) उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा शिक्षक, कर्मचारी नियुक्ति, सेवाको सर्त र सुबिधा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुने छ ।

## परिच्छेद नौ
## विविध

(४७) शिक्षक तथा कर्मचारीले पाउने विदा तथा विद्यालय सञ्चालन र विदा गर्ने एवं अन्य सेवा सुविधा तोकिए बमोजिम हुने छ ।

(४८) अस्थायी करारमा शिक्षक तथा कर्मचारी नियुक्ति सम्बन्धी प्रक्रिया छनौट समितिले दफा ३८ अनुसार निर्धारण गरे बमोजिम हुने छ ।

(४९) आधारभूत तह (कक्षा ८) अन्तिम परीक्षाको सञ्चालन सम्बन्धी व्यवस्था तोकिएबमोजिम हुनेछ ।

(५०) विद्यार्थीलाई निष्कासन गर्न , शारीरिक वा मानसिक दुब्र्यबहार गर्न नहुने ः

१. कुनै पनि विद्यार्थीलाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन ।

२. विद्यालयमा अध्ययनरत कुनै पनि विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन वा दुब्र्यबहार गर्न पाईने छैन ।

(५१) शैक्षिक परामर्श सेवा , बिदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्ष सञ्चालन ः

१. कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा ब्रिज कोर्ष भाषा शिक्षण कक्षा वा पूर्ब तयारी कक्षा वा बिदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन ।

२. उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम , शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्ब तयारी कक्षा वा बिदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुने छ ।

(५२) नगरपालिका क्षेत्रभित्रका प्रत्येक विद्यालयले बालमैत्री आचार संहिताको पालना गर्नु पर्नेः नगरपालिका क्षेत्रभित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयहरुले शैक्षिक सत्र शुरु भएको १५ दिन भित्र बालमैत्री आचार संहिता निर्माण गरी विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई नगर शिक्षा समितिमा स्वीकृतिको लागि पेश गर्नु पर्नेछ । सो आचार संहितामा आवश्यकता अनुसार नगर शिक्षा समितिले थपघट गरी निर्णय गरी सम्बन्धित विद्यालयलाई पालना गर्न निर्देशन जारी गर्ने छ ।

(५३) प्रगति बिबरण बुझाउनु पर्ने ःविद्यालयले प्रत्येक बर्ष तोकिए बमोजिमको ढाँचामा विवरण सहित प्रगति प्रतिबेदन शैक्षिक शत्र पूरा भएको एकमहिना भित्र नगर कार्यपालिकाको कार्यालयमा बुझाउनु पर्ने छ ।

(५४) दण्ड सजायः

१. कसैले विद्यालयको चल अचल सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो ब्यक्तिलाई प्रमुख प्रशासकीय अधिकृतले हिनामिना गरेको बिगो असुल उपर गरी बिगो बमोजिम जरिवाना गर्न सक्ने छ ।

२. कसैले देहायका कार्य गरेमा , गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुने छ ।

(क) प्रश्न पत्रको गोपनियता भङ्ग गरेमा ,

* पहिलो संशोधनबाट संशोधित

\+ पहिलो संशोधनबाट थप गरिएको

✕ पहिलो संशोधनबाट हटाईएको

(ख) उत्तर पुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारी पूर्वक कार्य गरेमा ,

(ग) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रबेश गर्न प्रयत्न गरेमा वा प्रबेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित काम गरेमा ,

(घ) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा ,

(ङ) अरुको तर्फबाट परीक्षा दिएमा ,

(च) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा ,

(छ) विद्यार्थी भर्ना गर्दा दान , उपहार वा अन्य कुनै रकम लिएमा,

(ज) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम , शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्ब तयारी कक्षा सञ्चालन गरेमा,

(झ) अन्य कुनै कानून बिपरीतको कार्य गरे गराएमा ।

३. देहायका अबस्थामा निजी श्रोतका शिक्षक बाहेक अन्य दरबन्दीका शिक्षकलाई पठनपाठनमा बाधा नपर्ने गरी नगरपालिकाले नगरपालिकाको क्षेत्र भरी सरुवा /काज खटाउन सक्ने छ ।

(क) विद्यार्थीहरुबाट कुनै शिक्षक उपर ब्यापक गुनासो आएमा ,

(ख) स्थानीय शिक्षक भएकै कारण कार्यसम्पादनमा कमी कमजोरी भएको ठहर विद्यालय व्यवस्थापन समितिले गरेमा ,

(ग) स्थानीय शिक्षक भएकै कारण बानी ब्यबहार , आचरण, कुलत तथा नैतिक पतन देखिने क्रियाकलाप सम्बन्धी बिबाद सिर्जना भएमा ,

४. कुनै शिक्षक , कर्मचारी बिना सूचना विद्यालयमा अनुपस्थित भएमा वा बिदा स्वीकृत नगराई बिदा बसेमा उक्त अबधिको तलब कट्टा गरी राजस्वमा दाखिला गरिनेछ,सो अवधिलाई सेवा अवधिमा गणना गरिने छैन ।

(५५) पुनरावेदन ः प्रमुख प्रशासकीय अधिकृतले गरेको सजायको आदेश उपर कानून बमोजिम जिल्ला अदालतमा ३५ दिन भित्र पुनरावेदन लाग्ने छ ।

(५६) नियम बनाउने अधिकार ः

१. यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम बनाउन सक्ने छ ।

२. यस ऐनको कार्यान्वयनको लागि नगर कार्यपालिकाले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्न सक्ने छ ।

(५७) संक्रमणकालिन व्यवस्था ः

१. यस ऐनमा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली , निर्देशिका तथा कार्यविधि नआउँदासम्म नगरकार्यपालिकाको निर्णयले गर्न सक्ने छ ।

२. यो ऐन जारी हुनु भन्दा अघि भए गरेका काम कार्यवाही यसै ऐन वमोजिम भएको मानिने छ ।

(५८) बाधा अड्काउ फुकाउने अधिकार : यो ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा नगरपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्ने छ र त्यस्तो आदेश ऐनमा परे सरह मानिने छ ।

(५९) बचाउ र लागु नहुने :

१. यो ऐन वा यस ऐन अन्तरगत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित कानून बमोजिम हुने छ ।

२. यस ऐनमा लेखिएको कुनै कुराले पनि विद्यालयको सम्पत्ति हिनामिना गरेको कसुरमा भ्रष्टचार निवारण ऐन, २०१७ अन्तर्गत कारबाही चलाउन बाधा पर्ने छैन ।

३. संविधान सँग बाझिएको यस ऐनका दफा तथा उपदफाहरु बाझिएको हदसम्म स्वतः निस्क्रिय हुने छ ।

४. यस अघि कानून बमोजिम नियुक्त शिक्षक तथा कर्मचारीलाई नेपाल सरकारले दिइदै आएको सुबिधामा कुनै किसिमको कटौती गरिने छैन तर यो व्यवस्थाले कानून बमोजिम दण्ड सजाय, र कारवाही गर्न बाधा पर्ने छैन ।

५. संविधानको धारा २२६ को उपधारा २ बमोजिम प्रदेश कानुनसँग बाझिएमा , बाझिएको हदसम्म सोही प्रदेश

* पहिलो संशोधनबाट संशोधित

+ पहिलो संशोधनबाट थप गरिएको

× पहिलो संशोधनबाट हटाईएको

कानुन बमोजिम हुने छ ।

आज्ञाले,

खेमराज ओझा

प्रमुख प्रशासकीय अधिकृत

* पहिलो संशोधनबाट संशोधित

\+ पहिलो संशोधनबाट थप गरिएको

× पहिलो संशोधनबाट हटाईएको